आज मिति २०८१।०८।०७ गते शुक्रबारका दिन यस खोटेहाङ गाउँपालिकाको१४९ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

Date: ..............................

## मिति २०८१ मंसिर ७ गते कार्यपालिकाको १४९ औं बैठकको प्रस्तावहरु

१) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नको लागि Term of Reference (TOR) स्वीकृति सम्बन्धमा

२) कर्मचारी तह वृद्वि सम्बन्धी कार्यविधि, २०८१ छलफल र स्वीकृति सम्बन्धमा

३) विविध सम्बन्धमा

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाले पालिका भित्र रहेको नदीनाला तथा अन्य स्रोतबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्नुका साथै स्रोत साधनको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजश्वलाई संकलन गरी व्यवस्थित गर्नुपर्ने भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदाँ ४. र वातावरण संरक्षण नियमावली २०७७ को नियम ५.(१)(ख) को अधिनमा रही प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नको Terms of Reference (TOR) तयार गरी कार्यपालिकाबाट स्वीकृत गराउनुपर्ने कानूनी प्रावधान बमोजिम खोटेहाङ गाउँ कार्यपालिकाबाट देहायबमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धी TOR स्विकृत गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

# खोटेहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खोटाङ बजार, खोटाङ
# कोशी प्रदेश, नेपाल

(वातावरण संरक्षण नियमावली २०७७ को नियम ५ को उपनियम (१) को खण्ड (ख) संग सम्वन्धित)

क) *खोटेहाङ गाउँपालिकाको वडा नं. १, ३, ४, र ७ भएर बग्ने सावा खोला र वडा नं. ३ र ४ भएर बग्ने दुम्छा खोला बगरबाट ढुंगा, गिट्टी, बालुवा तथा मिस्कट आदि संकलनका लागि*

ख) *खोटेहाङ गाउँपालिकाका वडा नं. ५, ६, ८, र ९ भएर बग्ने टुवा खोला र वडा नं. ९ भएर बग्ने कोशी नदीका विभिन्न बगरबाट ढुंगा, गिट्टी, बालुवा तथा मिस्कट आदि संकलनका लागि*

## प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नको लागि

# Terms of Reference (TOR)
# for
# the Preparation of Initial Environmental Examination – (IEE)

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकामा कार्यरत विभिन्न सेवा, समूह र तहमा कर्मचारीहरुको तह वृद्वि सम्बन्धि कार्यलाई कानूनी मापदण्ड बमोजिम अगाडि बढाउनुपर्ने भएको हुँदा कोशी प्रदेश सरकारबाट स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १५१ मा व्यवस्था भए बमोजिम खोटेहाङ गाउँ कार्यपालिबाट देहाय बमोजिमको कर्मचारी तह वृद्वि सम्बन्धि कार्यविधि, २०८१ सर्वसम्मतले स्वीकृत गरि पारित गर्ने निर्णय गरियो।

**कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि,२०८१**

(स्वीकृत मिति )

**प्रस्तावना :**

कोशी प्रदेश सरकारबाट स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १५१ मा भएको व्यवस्था बमोजिम तह बृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न बान्छनीय भएकाले खोटेहाङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"ऐन"** भन्नाले स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० सम्झनु पर्दछ ।

(२) **"कार्यालय"** भन्नाले खोटेहाङ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(३) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

(४) **" गाउँपालिका"** भन्नाले खोटेहाङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

(५) **"कार्यपालिका"** भन्नाले खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(६) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खोटेहाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो पदको कामकाज गर्ने कर्मचारीलाई सम्झनु पर्दछ ।

(७) **"कर्मचारी"** भन्नाले समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भई आएका तथा कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम संघीय लोक सेवा आयोगबाट र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साविक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनु पर्दछ ।

(८) **"तह बृद्धि"** भन्नाले ऐनको दफा ४ र दफा २७ बमोजिम गरिने तहबृद्धिलाई सम्झनु पर्दछ ।

(९) **"तह मिलान"** भन्नाले ऐनको दफा ८ को उपदफा (१७) बमोजिम लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौं तहमा गरिने तह मिलानलाई सम्झनु पर्दछ ।

(१०) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(११) **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ४ बमोजिमको सिफारिस समितिलाई सम्झनु पर्दछ ।

(१२) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई सम्झनु पर्दछ ।

(१३) **"स्थानीय सरकारी सेवा"** भन्नाले ऐनको दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्दछ ।

(१४) **"समायोजन ऐन"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्दछ ।

**३.सूचना प्रकाशन गर्ने:** (१) यो कार्यविधि बमोजिम खोटेहाङ गाउँपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक बर्षको जेष्ठ महिना र मंसिर महिनाको अन्तिम हप्ता कम्तिमा ३० दिनको म्याद दिई दरखास्त आव्हान गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेभसाईटमा प्रकाशन गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशित भए पछि अनुसूची-२ बमोजिमको ढाँचामा तह वृद्धि हुने कर्मचारीले आवेदन फाराम भरी बुझाउनु पर्नेछ ।

**४.सिफारिस समितिः** (१) ऐन को दफा ४ को उपदफा (५) र दफा २७ को उपदफा (१) र (२) बमोजिम गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीको तह वृद्धि गर्न तथा दफा ८ को उपदफा (१७) बमोजिम तह मिलान गर्न ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिरफारिस समिति रहनेछ ।

**५.समितिको काम कर्तब्य र अधिकारः** सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

१. तह बृद्धिका लागि कार्यतालिका निर्धारण गर्ने ।

२. आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

३. पेश भएका कागजातहरुको अध्ययन तथा बिश्लेषण गर्ने ।

४. तह बृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धिको निर्णयका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

५. यस कार्यविधिको दफा १४ बमोजिम प्रदेश लोक सेवा आयोग सँग तह वृद्धिको लागि परामर्श माग गर्ने ।

**६.सिफारिसः** (१) दरखास्त दिने अन्तिम मितिको ७ दिन भित्रमा सिफारिस समितिले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी गाउँ कार्यपालिका समक्ष तह वृद्धिको लागि सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीको तह वृद्धि हुन पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा जेष्ठतालाई आधार मानी क्रम निर्धारण गरि सिफारिस गर्नुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसूचि-३ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिनुपर्नेछ ।

**७.तह बृद्धि वा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधिः** यस कार्यविधि बमोजिम हुने तह बृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागि ऐनको दफा ४,८,२६,२७,२८ र २९ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ ।

**८.तह बृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) ऐनको दफा ८ को उपदफा (१७) बमोजिम लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्ति भएका कर्मचारीलाई ऐन प्रारम्भ भएपछि एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ ।

(२) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौ तहको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामती सेवा बाहेकबाट समायोजन भई आएका र एक पटक पनि तह बृद्धि नभएका कर्मचारुलाई माथिल्लो तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारीवालाले एक पटकको लागि स्थानीय सेवाको क्रमशः अधिकृत सातौं र नबौं तहमा बढुवा गर्नेछ । स्वास्थ्य सेवाको सातौं तहका लागि न्यूनतम योग्यता सामान्य चिकित्सामा प्रमाण पत्र तह/नर्सिङ्ग विषयमा प्रमाण पत्र तह वा सि.अ.हे.व/सि.अ.न.मी स्तरोन्नती तालिम लिई छैटौं तहमा समायोजन भएका कर्मचारीलाई समितिको सिफारिसको आधारमा अख्तियारीवालाले एक पटकको लागि स्थानीय सेवाको अधिकृत सातौं तहमा बढुवा गर्नेछ । त्यसरी बढुवा हुँदा माथिल्लो पद स्वतः सृजना हुनेछ र तल्लो तह खारेज हुनेछ ।

(३) ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक चौथो र पाँचौ तहमा तथा सातौं र नबौं तहको पदमा समान पदमा समायोजन भई स्वतः एक तह बृद्धि हुनेछ। निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ ।

(४) ऐनको दफा २६ को उपदफा (१) मा स्थानीय तहमा समायोजन भएका कर्मचारीको यस ऐन बमोजिम तह बृद्धि वा बढुवा प्रयोजनका लागि ज्येष्ठता गणना गर्दा तह बृद्धि भएको वा नभएको दुबै अवस्थामा समायोजन हुँदाको तत्काल अधिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(७) ऐनको दफा २७ को उपदफा (१) बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाचौ तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ बर्ष सेवा अवधि पुरा भएको र पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उप-समूहमा तह वृद्धि गरिनेछ ।

यसरी तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

(८) ऐनको दफा ४ को उपदफा (५) तथा दफा २७ को उपदफा (१ र २) बमोजिम तह वृद्धि भएका कर्मचारीलाई ऐनको दफा २७ को उपदफा (४) बमजिमको समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि निर्णय कार्यान्वयन गरी अनुसूचि-३ बमजिमको ढाँचामा तह वृद्धिको पत्र दिनुपर्नेछ ।

**९.तह वृद्धि वा बढुवा रोक्का हुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको सिफारिस समितिले ऐनको दफा ३० मा उल्लेख भएको तपसिल बमोजिमको अवधि सम्म कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गरिने छैन ।

१. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

२. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

३. तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

४. ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर,

५. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर,

६. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

**१०.तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का:** ऐनको दफा ३१ को उपदफा (१),(२) र (३) मा भएको व्यवस्था विपरित तह वृद्धि वा बढुवा नियुक्ति गरिने छैन ।

**११.तह वृद्धि कार्यान्वयन:**(१) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाबाट भएको तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यावन्वयन गर्नुपर्नेछ।

(२) तह वृद्धि व्यवस्थापनमा कुनै द्विविधा उत्पन्न भएमा ऐनको दफा ३८ को उपदफा (१) को (क) र (ख) बमोजिमको बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नुपर्नेछ।

**१२.ज्येष्ठता कायम सम्बन्धी व्यवस्था:**(१) यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सरकारी सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तह सेवा समूहको पदमा शुरु नियुक्ति मिति बाट लागू हुने गरी गणना गरिनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २६ को उपदफा (१),(२) र (३) बमोजिम गणना गरिनेछ ।

**१३.जानकारी दिनुपर्ने:** (१) यस कार्यविधि बमोजिम गरेको तह बृद्धिको जानकारी निर्णय भएको मितिले १५ (पन्ध्र) दिन भित्र मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

**१४.परामर्श:** ऐनको दफा १०३ को उपदफा (३) बमोजिम स्थानीय तहले ऐन प्रारम्भ भए पछि हुने तह वृद्धि सम्बन्धी कार्य गर्दा कुनै पनि विषयमा द्विविधा उत्पन्न भएमा प्रदेश लोक सेवा आयोगको समक्ष परामर्श लिन सक्नेछ।

**१५.बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ।

**१६.उजुरी वा गुनासो:** तह बृद्धिको निर्णय उपर चित नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी वा गुनासो गर्न सकिनेछ ।

**१७.प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची-१**

**दफा ३ को उपदफा (१) सँग सम्बन्धित**

**खोटेहाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खोटाङ बजार, खोटाङ**

मितिः...................

**तह बृद्धि सम्बन्धी सूचना**

सूचना नं.

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० बमोजिम स्थानीय सेवामा कार्यरत गाउँपालिकाको कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा २७ बमोजिम न्यूनतम योग्यता पुगेका कर्मचारीरुको तह बृद्धिको लागि एक महिनाको म्याद दिई सूचना प्रकाशित गिरएको छ । तोकिए बमोजिमको आवश्यक कागजातहरु संलग्न राखी तह बृद्धिका लागि अनसूची- २ बमोजिमको आवेदन फारम भरी २०.....साल .......महिना......... गते भित्र आवेदन फारम दर्ता गराउनुहुन अनुरोध छ । समय सीमा भित्र आवेदन दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. अवधि पुष्टि हुने नियुक्ति पत्र,
२. समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,
३. कामकाज सरुवामा रहेका कर्मचारीको हकमा नियुक्ति पत्र तथा कामकाज सरुवाको पत्र,
४. न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

..................................

प्रमुख प्रशासकीय अधिकृत

| |
|---|
| कार्यलय दर्ता नं :<br>मिति: |

अनुसुची-2

दफा ३ उपदफा (३) सँग सम्बन्धित

खोटेहाङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खोटाङबजार , खोटाङ

(तहवृद्धि आवेदन फारम)

| |
|---|
| उम्दवारको हालसालै खिचेको पासपोर्ट साईजको फोटो |

1.सूचनाको विवरण

| | |
|---|---|
| तह वृद्धिको सूचना नम्बर ............................ | मिति.............................................. |
| सेवा/समूह....................................... | तह वृद्धि हुने तह........................ |

2. उम्मेदवारको विवरण :

3. सेवाको विवरण (शुरूदेखि हालसम्मको)

उम्मेदवारको नाम, थर (देवनागरिमा).................................................................

उम्मेदवारको नाम, थर (अंग्रेजीमा).........................................ठेगाना...............................

बहाल रहेको कार्यालय ....................................

बाजेको नाम .................................................

बाबुको नाम....................................................

आमाको नाम ..............................................

सेवा.........................................................समूह..........................................

पद..........................................................तह...............................................

नागरिकता प्रमाण पत्र नं...............................कर्मचारी संकेत नं...........................

जारी जिल्ला...............................................मोबाईल नम्बर...........................

| क्र. स | सेवा/ समूह/ उपसमूह | कार्यालयको नाम | नियुक्ति मिति | बहाल रहेको मिति | असाधारण विदा बसेको भए सोको अवधि | | अध्ययन विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियूक्ति गर्ने कार्यलय | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | | | | |

४. हालको तह समायोजन हुनु भन्दा पहिलेको समेत तह वृद्धिको लागि निवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि..............वर्ष.............महिना.............दिन

५. तह वृद्धिको लागि योग्य भए/नभएको अवस्था:

क. विभागिय कारवाही भएको/नभएको :...............................

भएको भए कुन कारवाही भएको हो , सकिने अवधि उल्लेख गर्नुहोस:...................

ख. ऐनको दफा २७ बमोजिमको तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको :..............................

ग. असाधारण विदा बसेको/नबसेको :.........................

ध. निलम्बन परेको/नपरेको :.........................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाणपत्र अवधि:.................................

च. सेवा वा समूह परिवर्तन गरको/नगरेको (गरेको भए मिति उल्लेख गर्ने):.......................

६. माथि उल्लेखित विवरण ठिक छ । झुट्टा ठहरें कानून बमोजिम सहुँला/बुझाउँला भनी सही छाप गर्ने ।

कर्मचारीको नाम, थर :...............................................

संकेत नं:.......................................................

पद:.............................................................

तह:.............................................................

सहि र मिति:....................................................

| त्याप्चे सही छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**तह वृद्धिको निर्णय (कार्यलयको प्रयोजनका लागि)**

क. आवेदक कर्मचारीको समायोजन हुनु पुर्व र समायोजन पश्चात गरि हालको तहमा पूरा गरेको सेवा अवधि

समायोजन पुर्व ...........................वर्ष....................महिना......................दिन

समायोजन पश्चात...........................वर्ष....................महिना......................दिन

जम्मा सेवा अवधि...........................वर्ष....................महिना......................दिन

ख. आवेदक कर्मचरीको पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषत :

अ. आ.व................../....................को प्राप्ताङ्क.............................

आ. आ.व................../....................को प्राप्ताङ्क.............................

इ. आ.व................../....................को प्राप्ताङ्क.............................

औषत प्राप्ताङ्क:..................................................

ग. स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, 2080 को दफा २७ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट समान सेवा,समुह,उपसमूहमा रहने गरी एक तह वृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मिति:.................... तह वृद्धि निर्णय लागू हुने मिति:..................

वृद्धि हुने तह:.................. सेवा:..................................................

समूह/उपसमूह:................. पद:.................................

| सदस्य | सदस्य | संयोजक |
|---|---|---|
| हस्ताक्षर -...... | हस्ताक्षर -...... | हस्ताक्षर ...... |
| नाम, थार- | नाम, थार- | नाम, थार- |
| संकेत नं- | संकेत नं- | संकेत नं- |
| मिति- | मिति- | मिति- |

कार्यलयको छाप

दफा ६ उपदफा (३) सग सम्बान्धत

खोटेहाङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खोटाङबजार , खोटाङ

(तहवृद्धि पत्रको ढाँचा)

मिति-........../...../......

**विषय :- तह वृद्धि तथा पदस्थापन सम्बन्धमा ।**

**महोदय,**

तपाईलाई कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, 2080 को दफा २७ र खोटेहाङ गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, 208१ को दफा ११ को उपदफा (१) तथा मिति .............. गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार तहमा तपाईलाई तपसिल बमोजिमको पद/तह तथा कार्यालयमा तह वृद्धि सहित पदस्थापन गरिएको छ ।

..........तहमा तह वृद्धि सहित पदस्थापन हुनुभएकोमा हार्दिक बधाई छ।

श्री .............. (कर्मचारी संकेत नं. ..............)

तपसिल:

| **हाल कार्यरत पद/तह** | |
|---|---|
| पद:- | **तह वृद्धि कायम भएको पद/तह** |
| तह:- | पद:- |
| सेवा/समूह:- | तह:- |
| नियुक्ति मिति:- | सेवा/समूह:- |
| कार्यरत कार्यालय:- | जेष्ठता कायम मिति:- |
| | पदस्थापन गरेको कार्यालय:- |

..........................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री लोकसेवा आयोग, केन्द्रीय कार्यलय, अनामनगर काठमाण्डौ ।

श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश विराटनगर ।

श्री राष्ट्रिय कितावखाना (निजामति) , हरिहरभवन , ललितपुर ।

श्री प्रदेश कितावखाना ,कोशी प्रदेश विराटनगर ।

श्री कर्मचारी संचयकोष, काठमाण्डौ/विराटनगर।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ ।

श्री आर्थिक प्रशासन शाखा, खोटेहाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय खोटाङबजार खोटाङ।

प्रमाणिकरण गर्नेः

हस्ताक्षरः

मितिः

नाम,थरः उदिम बहादुर राई

पदः गाउँपालिका अध्यक्ष

निर्णय नं. ३: प्रस्ताव नं. ३ विविध सम्बन्धमा छलफल गर्नुपर्ने कुनै विषय नरहेकोले आजको बैठक समापन गरियो।